FOR NEPALI BY NEPALI नेपालीका लागि नेपाली

Non-Resident Nepali Association

National Coordination Council - USA

# 9th ANNUAL GENERAL MEETING REPORT

July 3-5, 2020

- MEETING MINUTE
- GENERAL SECRETARY REPORT
- TREASURER REPORT
- BYLAWS AMMEDMENT

# 9th Annual General Meeting Minute

Published Date: August 15, 2020

Chair: Mr. Suneel Sah, President
Moderator: Mr. Pashupati Pandey, General Secretary
Meeting Record Source: Zoom recording
Meeting Date: July 3-5, 2020

I. Preamble

As per the NRNA NCC USA Bylaws article XII, 83, NRNA NCC USA conducted its 9th AGM on 3rd – 5th of July 2020 online. The AGM quorum was constituted under the NRNA NCC USA Bylaws article XII, sub-article 87 and 88, and verified.

II. Term of reference

- Opening of AGM
- Organization Report Presentation
- Financial Report Presentation
- The Bylaws Amendment Motion
- Appointment of Election Committees under the current bylaw
- Adjournment of AGM

III. Reports and Amendments

a. Organization Report, Presented by General Secretary

- The General Secretary, Mr. Pashupati Pandey presented the Organization Activity Report of the year 2019-2020. At the beginning Mr. Pandey presented the report and he opened the floor for the question and answer over the organization report. After a tremendous discussion, various suggestions were made. Important suggestions from the participant are included in the final Organization (General Secretary) Report. After a detailed discussion, an overwhelmed majority of participants unanimously passed the report presented by the General Secretary.

b. Financial Report, Presented by Treasurer
   - The Treasurer, Mr. Netra (Bandhu) Pokharel, presented the financial report for the year 2019-2020 and proposed budget for 2020-2021. After a detailed discussion, an overwhelmed majority of participants unanimously passed the report presented by the Treasurer.

c. Bylaws Amendments
   - The bylaws committee chair, VP Babu R. (BR) Lama, presented the proposed amendments to the bylaws of NRNA NCC of USA. After a detailed discussion, all the proposed amendments were passed by the AGM unanimously.

d. Appointments of Election Commission
   - The bylaws committee chair, VP Babu R. (BR) Lama, presented the names of the probable members of the Election Commission headed by Mr. Biswa Baral. After the discussion, the following election committee was passed by the 2/3 majority of the AGM. Three votes were cast against the proposal. Chief Election Officer and Election Officers' name are as below:

     1. Mr. Biswa Baral, NJ, Chief Election Commissioner
     2. Mr. Bashu D Phulara Esq, NY, Member
     3. Mr. Shiva Raj Poudel, MD, Member
     4. Mr. Govinda K. Shrestha, TX, Member
     5. Mr. Kul M Acharya, MD, Member

IV. Following motion have been passed from the AGM and will be sent to International Coordination Council for necessary action:

a. NRNA membership right for the student
   - Nepali students who lived more than two years in the third country (out of SAARC country) should have the right to get the NRNA membership.

b. Political affiliation
   - In International Coordination Council bylaws should define political affiliation means "anyone taking the official position of the political party". This bylaw will not be active for those who are office-bearer of the fraternal organization of any political party.

c. “Diaspora” and “Non-Resident” wording
   - “Diaspora” and “Non-Resident” wording is misleading the origin of Nepali identity, who lives out of Nepal. “Diaspora” and “Non-Resident” words need to be replaced with the appropriate words.

d. Foreign born children’s and their participation in the national and international sport competition
   - Government of Nepal should consider foreign-born Nepali children as Nepali and give permission to participate in the National and International game representing from Nepal.

V. President Mr. Suneel Sah thanked the participants of the historic AGM 2020 and all involved in its preparation and declared the AGM closed. He thanked the participants for their constructive suggestions and promised that NRNA NCC of the USA is committed to providing quality services to its members in the USA.

Sincerely,
Pashupati Pandey
Pashupati Pandey
General Secretary

Sincerely,
Suneel
Suneel Sah
President

# नवौं वार्षिक साधारणसभा (३–५, जुलाई, २०२०)
महासचिव पशुपती पाण्डेद्वारा प्रस्तुत



## महासचिवको प्रतिवेदन

गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्, अमेरिकाको यस गरिमामय साधारण सभाका अध्यक्ष महोदय, गैर आवासीय नेपाली संघ, अन्तराष्ट्रिय समन्वय परिषद्का अध्यक्ष ज्यू, आईएस पदाधिकारी एवं आइसिसी सदस्य ज्यूहरु, एनआरएनए, आइसिसीका पूर्व पदाधिकारी ज्यूहरु, अनरी काउन्सील सदस्य ज्यूहरु, आइसिसी टास्क फोर्सका सदस्य ज्यूहरु, गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् अमेरीकाका पदाधिकारी एवं बोर्डका सदस्य ज्यूहरु, प्रमुख संरक्षक एवं संरक्षक ज्यूहरु, सल्लाहकार ज्यूहरु, क्षेत्रीय संयोजक ज्यूहरु, विभिन्न टास्क फोर्सका पदाधिकारी ज्यूहरु, च्याप्टरका अध्यक्ष तथा पदाधिकारी ज्यूहरु, एनआरएनए, अमेरिकाका पूर्व पदाधिकारी ज्यूहरु, संघका सम्मानित आजिवन तथा साधारण सदस्य ज्यूहरु एवं यस साधारण सभामा उपस्थित सम्पूर्णमा हार्दिक नमस्कार तथा अभिवादन व्यक्त गर्दछु ।

सर्वप्रथम, कोभिड–१९का कारण विश्वभर उत्पन्न जटिल परिस्थितिलाई मध्यनजर गर्दै अनलाइन मार्फत गरिएको संघको यस नवौं साधारण सभा सफल पार्न सहयोग गर्नुहुने सबैमा संघको कार्यसमितिको तर्फवाट र मेरो व्यक्तिगत तर्फवाट समेत हार्दिक आभार व्यक्त गर्दछु । गैर आवासीय नेपालीहरुको साझा संस्था गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् अमेरिकाको वर्तमान कार्यसमितिले आफ्नो कार्यकालको समय अवधि मध्य एक वर्ष बिताइसकेको छ ।

यस बीचमा गैर आवासीय नेपालीको आवश्यकता र चाहनालाई प्राथमिकता दिएर यस कार्यसमितिले विभिन्न कार्यहरु गरेको छ । अध्यक्ष सुनील साह ज्यूको नेतृत्वमा निर्वाचित वर्तमान कार्यसमितिले निर्वाचित भएपछि बसेको कार्यसमिति वैठकवाट २ वर्षे कार्ययोजना निर्माण गरी त्यसलाई कार्यन्वयनको दिशामा अघि बढिरहेको छ । गत एक वर्षमा ११ पटक कार्यसमितिको वैठक सम्पन्न भएको थियो । महिला, युवा–विद्यार्थी, कार्ययोजना र सेवामा केन्द्रीत रहेर विभिन्न समिति निर्माण गरी संघले काम गरिरहेको छ । काम गर्दै जाने दौरानमा केही सिक्ने अवसर पनि मिलेको छ भने तपाईहरुवाट रचनात्मक सुझाव समेत प्राप्त भएको छ । यसलाई मध्यनजर गर्दै विगत एक वर्षको समिक्षा सागैं यस सम्मानित साधारणसभावाट प्राप्त हुने मार्गदर्शनलाई टेकेर आगामी एक वर्षको कार्ययोजना लिएर वर्तमान कार्यसमिति तपाईहरु माझ आउने नै छ ।

**सभाका अध्यक्ष एवं सदस्यज्यूहरु,**
वर्तमान कार्यसमितिवाट गत एक वर्षमा भए गरेका कार्यहरुलाई लिपिवद्व गर्दै बाकी रहेको कार्य अवधिका लागी योजनामा परेका कार्यक्रमहरुलाई एउटा दस्तावेजको रुपमा प्रस्तुत गर्नको लागि म यहाहरु समक्ष अनुमती चाहन्छु ।

**निति तथा कार्ययोजना**

बर्तमान कार्यसमितिले २०१९ जुलाई ६ मा विधिवत रुपमा सपथ ग्रहण गरेपश्चात आफ्नो कार्यकाल सुरु गरेको यहाँहरुमा जानकारी नै छ । शपथ ग्रहण पश्चात मिति जुलाई ७, २०१९ मा बसेको वर्तमान कार्यसमितिको पहिलो बैठकबाट यस कार्यसमितिले लिनुपर्ने २ वर्षे निती तथा कार्यक्रमहरुको रुपरेखा तयार गरी कार्ययोजना बनाएर अघि बढेको कुरा यंहाहरु समक्ष जानकारी गराउन चाहन्छु । २०१९ मा सम्पन्न संघको निवार्चन प्रक्रियाको दौरान उम्मेद्वारहरुले सार्वजनिक गर्नुभएको विभिन्न योजनाका कार्यक्रमहरुलाई एकत्रित गर्दै सबैको सहभागिता मुलक कार्ययोजना वर्तमान कार्यसमितिले २ वर्षका लागि तय गरेको पनि यहाँहरुमा उल्लेख गर्न चाहन्छु । गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् अमेरिकाको वर्तमान कार्यसमितिले प्रमुख रुपमा अमेरीकामा केन्द्रीत रही कार्यक्रम गर्दै आएको छ । साथ साथैं गैर आवासीय नेपाली संघ, अन्तराष्ट्रिय समन्वय परिषद्ले तय गर्ने निति तथा कार्ययोजनामा सदैव सहयोगी भूमिका निभाउँदै आएको छ ।

यसै अन्तर्गत रही हामीले अमेरीकामा बसोबास गर्नुहुने आम गैर आवासिय नेपालीहरुको समस्या पहिचानका लागि विभिन्न च्याप्टर तथा क्षेत्रीय समित मार्फत स्थानीय संघ संस्था तथा गैर आवासीय नेपाली संघका सदस्य तथा आम गैर आवासीय नेपाली संग छलफल गरी त्यहाँबाट आएका सुझावहरुलाई हामीले निति तथा कार्ययोजनामा समावेश गऱ्यौं । त्यसैगरी, गैरआवासीय नेपालीहरुको आवश्यकतालाई मध्यनजर गरी विभिन्न कार्यक्रमहरुलाई क्षेत्रगत रुपमा विभाजन गरेर काम गर्नका लागि विभागहरु गठन गरियो । संघले तर्जुमा गरेको नीती तथा कार्ययोजनाकै आधारमा गठन गरिएको विभागहरु मार्फत कामहरु भैरहेको यहाँहरु समक्ष जानकारी गराउँदछु ।

**१. विकेन्द्रीकृत अवधारणा**

संस्थाको दिगो विकासको लागि केन्द्रीकृत व्यवस्थापनमा भन्दा विकेन्द्रीकृत प्रणालीमा जाादा त्यसको प्रभावकारिता देखिने पक्षलाई मध्यनजर गर्दै संस्थाको काम कारवाहीलाई विकेन्द्रीत ढंगवाट गर्ने तर्फ संस्थाले जोड दिदैं आएको छ । यसले संस्थालाई गतिशिल बनाउनका लागि पनि सहयोगी भूमिका निभाएको छ । संघको वर्तमान कार्यसमितिले विकेन्द्रीकृत योजना अन्तर्गत बर्तमान अवस्थामा हामीले विभिन्न कमिटि, टाक्सफोर्स तथा च्याप्टरहरु मार्फत कार्यक्रमहरुलाई अगाडि बढाइरहेका छौं । साथै यस सम्मानीत वार्षिक साधारण सभा पश्चात अझ बढी प्रभावकारी ढंगवाट कार्यक्रमहरु आधारभुत तहसम्म पुऱ्याउनका लागि हामी विभागीय योजनामा अगाडि बढ्ने नीती लिएर अघि बढ्ने समेत जानकारी गराउन चाहन्छौं । जसको संम्बन्धमा विभागीय संरचना विधान संसोधनको प्रस्तावमा छलफल गर्ने नै छौ । एनआरएनए आइसिसीको वर्तमान विभागिय संरचनासँग मेल खाने गरी निर्माण गर्ने विभागिय संरचनाबारे समेत छलफल हुने नै छ । विभागीय आधारको संरचना निर्माणले निर्वाचित पदाधिकारीहरुलाई थप जिम्मेवार र जवाफदेहीताको वातावरण सिर्जना गर्नुका साथै सरल ढंगवाट कार्यहरु गर्न सघाउ पुग्ने हामीले विश्वास लिएका छौ ।

**२. कर्पोरेट अबधारणा**

गैर आवासीय नेपाली संघ गैर नाफा मुलक संस्था रहेको हामी सबैलाई थाहा नै छ । सेवा मुलक संस्थाको रुपमा रहेर पनि राज्य तथा केन्द्रीय सरकारका विभिन्न निकायहरुवाट प्राप्त गर्न सक्ने विभिन्न सेवामुलक सुविधा (जस्तै कोभिड-१९ रिलिफ फन्ड अन्त्रतगत पिपिपि,ईइएडिसी) कार्यक्रमहरुवाट हामी लाभान्वित हुन सकिरहेका छैनौं । यसका लागि संघलाई गैर नाफामुलक कर्पोरेट मोडलमा लैजान सक्दा यसवाट लाभ लिन सकिने संभावना रहेको यहाँहरुमा जानकारी गराउन चाहन्छौं । गैर नाफामुलक कर्पोरेट मोडल आफैंमा एक नयाा मोडल भएकाले यसको विस्तृत अध्ययन गर्नका लागि एउटा विशेष कमिटि बनाइनेछ र त्यो कमिटिको अध्ययन, विश्लेषण र सुझावको आधारमा यस संस्थालाई नन परफिट कर्पोरेट ढााचामा लगिनेछ । कर्पोरेट कल्याड, डियु डिलिजेन्स र फिनान्सियल एकाउन्टिविलिटीमा प्राथमिकता दिइनेछ ।

**३.युवा, विद्यार्थी तथा महीलाको सहभागिता अभिवृद्दिमा जोड**

एनआरएनए सबैका लागि भन्ने भावनालाई आत्मासाथ गर्दै एनआरएनए अमेरिकाले युवा, विद्यार्थी तथा महिलाहरुको एनआरएनएमा सहभागितामा विशेष जोड दिंदै आएको छ । युवा-विद्यार्थी तथा महिलाहरुलाई एनआरएनए अभियानमा जोड्नका लागि केन्द्र देखि च्याप्टर सम्म युवा तथा महीला कमिटि गठन गर्ने प्रक्रियालाई अगाडि बढाइएको छ । त्यसैगरी विद्यार्थीहरुका समस्याहरुलाई ध्यानमा राखी विद्यार्थीको सहभागितामा टास्कफोर्स गठन गरी प्रत्येक युनिभर्सिटीहरुमा विद्यार्थी दुतको मनोनयन कार्यलाई अघि बढाइएको छ र यसलाई आगामी दिनमा समेत निरन्तरता दिइने छ ।

**४.संगठन विस्तारमा जोड**

एनआरएनए अमेरिकाको राज्य समितिलाई अमेरिकाका प्रत्येक राज्यमा विस्तार गर्ने उद्देश्यका साथ बर्तमान कार्यसमिति अगाडि बढिरहेको छ । विगतका दिनमा विभिन्न कारणले सदस्यतामा कमी आएको हामी सबैले महसुस गरेका छौं । विगतमा भएका अनुभवबाट पाठ सिक्दै सदस्यता वृद्दिलाई जोड दिई विभिन्न कार्यहरुलाई अगाडि बढाइएको छ । भोलीका दिनमा यस संस्थलाई अझबढी मर्यादित र सबैको विश्वासको संस्था बनाउन वर्तमान कार्यसमिति अझ बढी जिम्मेवार भई अघि बढ्नेनैछ । बर्तमान कार्यसमितिले लिएको कार्य कौशलता र गुणात्मक कार्यको नितिलाई अवलम्बन गर्दै च्याप्टर नभएको राज्यहरुमा सम्पर्क व्यक्ति नियुक्तको काम भैरहेको छ, हालसम्म १५ वटा राज्यमा सम्पर्क व्यक्तिको छनौट गरिसकिएको यस सम्मानित साधारणसभामा जानकारी गराउादछु । र आगामी दिनमा समेत यसलाई बढाउादै लगिनेछ । साथै सदस्य संख्यालाई १० हजार बाट ३० हजार पुऱ्याइने लक्ष्य वर्तमान कार्यसमितिले लिएको छ, यसमा तपाई हामी सबैंको उत्तिकैं भूमिका र दायित्व रहेको छ ।

**५. विभागीय संरचनाको अवधारणा**

अमेरिका क्षेत्रफलको हिसावले ठूलो देश हो । साथैं गैर आवासीय नेपालीको वसोबासको हिसाबले समेत अमेरिका महत्वपूर्ण देश भित्र पर्दछ । ५० राज्य रहेको अमेरिकामा कामलाई अझ प्रभावकारी बनाउनका लागि विभागीय संरचनामा जानुपर्ने आवश्यकता खड्किएको छ । वर्तमान विधानले कार्यसमितिको संख्या २५ जना रहने अवस्था छ । संख्यात्मक दृष्टिले पनि सबै राज्यमा केन्द्रीय कार्यसमिति मार्फत काम गर्नका लागि केही असहज जस्तो देखिएको छ । अहिले राज्य च्याप्टर तथा विभिन्न टास्क फोर्सहरु मार्फत कामहरु भइरहेका छन् । योजनाहरु सम्पन्न गर्न, कामको अनुगमन, अनुशासन र कार्ययोजना अनुरुपका कार्य अझ प्रभावकारी ढंगवाट गर्नका लागि आगामी दिनमा उपाध्यक्षहरुलाई विभागीय जिम्मेवारी दिएर उहाहरु मार्फत विभागहरु संचालन गर्ने र अनुगमनको वैधानिक संरचना बनाउने तर्फ ध्यान दिई त्यसतर्फ लाग्नुपर्ने आवश्यकता देखिएको छ । यसको बैधानिक कार्वानयनको लागि बिधान संसोधन को प्रस्तावमा यहांहरू समक्ष पेश गरिने छ ।

**६. स्मार्ट एनआरएनए**

प्रविधि युक्त अहिलेको शताब्दीमा प्रविधिको उपयोगलाई गैर आवासीय नेपाली संघ,अन्तराष्ट्रिय समन्वय परिषद्ले पनि प्राथमिकतामा राखेको छ । आइसिसीले ल्याएको स्मार्ट एनआरएनए अवधारणालाई एनआरएनए,एनसिसी युएसएले स्वागत गर्दै त्यसलाई आत्मसात गरेको छ । संघले सूचना प्रविधिमैत्री संघ निर्माणमा सक्रियता देखाएको छ । संघको यस अघि गो-डेडी होस्ट सर्भर रहेको वेभसाइटलाई माइक्रोसफ्ट एजरमा रुपान्तरण गर्ने कार्यलाई अघि बढाइएको छ । जी-सुइट तथा एजरमा लाग्ने प्रति महिनाको शुल्कलाई नाफारहीत संस्थाको रुपमा त्यसमा दर्ता गराई मासिक शुल्क मिनाहा गर्ने कार्य सफल भएको छ ।

त्यसैगरी कोभिड-१९ कारण उत्पन्न जटिल परिस्थितिमा विद्यार्थीहरुलाई सहयोग पुर्‍याउने उद्देश्यले एनआरएनए स्टुडेन्ड एप निर्माण गरी संचालनमा ल्याइएको छ । विशेष कारणवश रोकिएको एनआरएनए एप संचालनमा ल्याइदैंछ साथै सदस्यले सदस्यता दर्ता गरेको केहि समयमै प्राप्त गर्ने गरि रियल टाईम आईडी कार्डको ब्यवस्था गरिने छ । वेभसाइट समेत अपग्रेड गरी अझ सहज ढंगवाट सबै विषयहरु समेटिने खालको वेभसाइट पोर्टल निर्माण गर्न लागिएको समेत यस सम्मानित सभामा जानकारी गराइन्छ । यसै क्रममा आइटि समितिको सहयोगमा आज स्मार्ट एनआरएनए अभियानलाई बल पुग्ने गरी अनलाइन रुपमा एउटा ऐतिहासिक साधारणसभा सफल गर्न लागिरहेका छौं ।

**७. आर्थिक पारदर्शिकता र मितव्ययिता**

आर्थिक पारदर्शिता र मितव्ययितालाई संघको वर्तमान कार्यसमितिले विशेष रुपमा लिई त्यसमा गम्भिर बनी काम गर्दै आएको छ । संघको आर्थिक गतिविधि बारे सबै सदस्यहरुले सहज ढंगले जानकारी लिन पाउने अवस्था रहेको छ भने आर्थिक गतिविधि सदस्यहरुलाई इमेल समेत गरिदैं आइएको छ । संघमार्फत हुने खर्चमा मितव्ययिता अपनाइएको छ ।अतिरिक्त खर्चमा कटौती गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

**८. सामाजिक तथा आर्थिक कार्यमा अभिवृद्दि**

गैर आवासीय नेपाली संघ अमेरिकाले एनआरएनए आइसिसीको नितिलाई अंगिकार गर्दै नेपालको विकास तथा समृद्दिका लागि रचनात्मक सहयोग गर्दै आएको छ । नेपालमा आवश्यक पर्ने सहयोगमा अग्रसरता सँगैं संघले अमेरिकामा बस्नुहुने नेपालीहरुको समस्यालाई पहिचान गरी उहाँहरुको आर्थिक तथा सामाजिक विकासमा समेत सहयोगीको भूमिका निभाउँदैं आएको छ । साथैं उहाँहरुका लागि विशेष योजनाका साथ अगाडि बढ्ने पक्षमा संघको वर्तमान कार्यसमिति रहेको छ । संघले विभिन्न कमिटिहरुको गठन गरी कार्यक्रमहरु समेत संचालन गरिरहेको छ । सिप विकास तालिम, जानकारी मुलक कार्यक्रम, रिटायर्टमेन्ट रिलिफ सम्बन्धी जानकारी, स्वास्थ्य तथा जिवन विमा सम्बन्धी जानकारी, सुरक्षाका कार्यक्रमहरु, सरकारी राहत सम्बन्धि कार्यक्रमहरुका बारेमा जानकारी दिदैं आइएको छ । यी बाहेक पनि हेल्प डेस्क मार्फत विभिन्न सहयोगका कार्यहरु भैरहेको छ । सामाजिक तथा आर्थिक चुनौती का विषयमा गैर आवासीय नेपालीलाई चेतना अभिवृद्दिका लागि संघ निरन्तर लागिरहेको छ । आगामी दिनमा कमिटि निर्माण गरी आउन सक्ने सामाजिक तथा आर्थिक चुनौतीका बारेमा अनुसंधानको कार्य अघि बढाइनेछ ।

**सभामा उपस्थित सम्मानीत सदस्य ज्यूहरु,**

वर्तमान कार्यसमितिले सपथ खाएको भोली पल्ट भौतिक रुपमा बसेको कार्यसमितिको पहिलो बैठकबाट पारित निति तथा कार्यक्रममा केन्द्रीत रही संस्थाका गतिविधिहरु अगाडी बढाइएको कुरा पुन: जानकारी गराउन चाहन्छु । पहिलो ३ महिना संस्थागत विकासका लागी निति तर्जुमा गर्ने तथा विभागहरु गठन गर्ने कार्यमा केन्द्रीत रहेको पनि यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु । त्यस्तै , सोही समयमा गैर आवासीय नेपाली संघ, अन्तराष्ट्रिय समन्वय परिषद्को अधिवेशन समेत परेकाले त्यस अधिवेशनमा एनआरएनए अमेरिकावाट बढी भन्दा बढीको उपस्थिति र त्यसमा पनि सक्रिय सहभागिताका लागि वर्तमान कार्यसमितिले आफ्नो ध्यान केन्द्रीत गरेको थियो । सँग सँगैं आइसिसीको निर्वाचनको समयमा उम्मेदवारी घोषणा गर्नुभएका अमेरिकाका एनआरएनए अभियन्ताहरुलाई विजयी बनाउन संघले अन्तराष्ट्रिय रुपमा समन्वय गर्ने काममा जोड दिइएको थियो।

एनआरएनए आइसिसीको गत निर्वाचनमा अमेरिकावाट आइसिसीको आइएसका महत्वपूर्ण ३ पदमा विजयी हासिल भएको छ । अमेरिकावाट विभिन्न पदमा उम्मेद्वारी दिनुभएका सबै अभियन्ता उम्मेद्वारहरुलाई विजयी गराउन नसकिएपनि हाम्रो यस अमेरिकाका ३ जना आइएसका पदमा निर्वाचित हुनुभयो,यो ऐतिहासिक उपलब्धी हो । यो अवसरमा उपाध्यक्ष पदमा विजयी सोनाम लामा, महिला उपाध्यक्ष पदमा विजयी रविना थापा, सचिव पदमा विजयी गौरीराज जोशी लगायत क्षेत्रीय संयोजक पदमा विजयी राजन त्रिपाठी, क्षेत्रीय सहसंयोजक पदमा विजयी राम सी. पोखरेल, क्षेत्रीय महिला संयोजक पदमा विजयी उमा कार्की थापा लगायत आइसिसी सदस्य तथा आइसिसीका विभिन्न पदमा विजयी अमेरिकाका अभियन्ताहरुलाई यसै सम्मानित सभामार्फत बधाई तथा सफल कार्यकालको शुभकामना समेत दिन चाहन्छौं ।

**आदरणीय सदस्य ज्यूहरु,**

वर्तमान कार्यसमितिको २०१९/२०२१ कार्यकाललाई सहज र सबैको सहभागितालाई मध्यनजर राख्दै सेवा तथा कार्ययोजना अनुरुप दुई किसिमले टास्क फोर्स तथा विभिन्न कमिटिहरु गठन गरिएको छ । ती टाक्सफोर्स तथा कमिटिहरुले धेरै नै महत्वपुर्ण कार्य गरेको र भविष्यमा गर्ने कार्ययोजनाहरु समेत अगाडि सारेको यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु । जुलाई २०१९ देखि हाल सम्म गरेका कार्यहरु यहाँहरुसमक्ष पेश गर्ने अनुमति चाहन्छु ।

## विगत एक वर्षमा गरिएका कार्यक्रम

### १.एनआरएनए आइसिसीमा विजयीहरुको सम्मान कार्यक्रम

एनआरएनए आइसिसीको निर्वाचन मार्फत विजयी एनआरएन अमेरिकाका अभियन्ताहरुको सम्मानमा संघले सम्मान कार्यक्रमको आयोजना गरेको थियो । आइसिसीको उपाध्यक्ष पदमा विजयी सोनाम लामा, महिला उपाध्यक्ष पदमा विजयी रविना थापा, सचिव पदमा विजयी गौरीराज जोशी लगायत क्षेत्रीय संयोजक पदमा विजयी राजन त्रिपाठी, क्षेत्रीय सह-संयोजक पदमा विजयी राम सी. पोखरेल, क्षेत्रीय महिला संयोजकमा विजयी उमा कार्की थापा लगायत आइसिसी सदस्य तथा आइसिसीका विभिन्न पदमा विजयी अमेरिकाका अभियन्ताहरुलाई सम्मानका लागि गत डिसेम्बर, २०१९ मा बधाई ज्ञापन तथा सम्मान कार्यक्रम सम्पन्न भयो ।

### २. च्याप्टर तथा क्षेत्रीय भेला सम्पन्न

बर्तमान कार्यसमितिले गैर आवासीय नेपाली संघ अमेरीकामा सबैको भावना समेटियोस् भन्ने उद्देश्यले सपथ लिएको केही महीनामै च्याप्टर तथा क्षेत्रीय समितिहरुलाई पूर्णता दिने कार्य गरियो । जस अन्त्रगत च्याप्टर तथा क्षेत्रीय समितिहरुको सपथ ग्रहण संगसंगै स्थानीय रुपमा नेपाली समूदायसँग छलफल गरी समुदायका अभियन्ताहरुवाट सुझाव लिने काम गरियो । जसले संस्थालाई अगाडि बढाउन मद्दत पुगेको जानकारी गराउँदछु । स्थानीय नेपाली समुदायसँगको रायसुझावका आधारमा संस्थाको २ वर्षे कार्ययोजनालाई आधारभुत तहसम्म प्रभाव पर्ने गरि परिमार्जन गरी कार्यक्रम अगाडि बढाइएको जानकारी गराउादछु । यसै अन्त्रगत २ वटा क्षेत्र मध्य पश्चिम क्षेत्र र उत्तर पूर्वी क्षेत्रमा फरक किसिमका दुईवटा ठूला क्षेत्रीय भेला समेत सम्पन्न गरी सकिएको छ भने अन्य २ क्षेत्रमा समेत आगामी दिनमा क्षेत्रीय भेला तथा कार्यक्रमहरु गरिने लक्ष्य राखिएको छ ।

### ३.महिला सशक्तिकरण कार्यक्रम

वर्तमान कार्यसमितिले महिलाको गैर आवासीय नेपाली संघमा सहभागिता बढाउने कुरालाई विशेष महत्व दिएको छ । यसलाई कार्यन्वयन तहमा लैजानका लागि संघकी महिला संयोजकको संयोजकत्वमा महिला सहभागिता तथा सशक्तिकरण समिति बनाएर काम अघि बढाइएको छ । यस समितिले विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको छ । न्यूयोर्क च्याप्टरमार्फत उत्तर पूर्वी क्षेत्र स्तरीय क्षेत्रीय कार्यक्रम सम्पन्न गरिएको छ । त्यसैगरी बोस्टनमा महिला राष्ट्रिय भेला गर्ने पूर्ण तयारी भैरहदा कोभिड-१९ को कारण त्यो तोकिएको मिति भन्दा एक हप्ता पहिला स्थगित गर्नुपरेको पनि यंहाहरुमा जानकारी गराउन चाहन्छु । त्यसैगरी महिला शसक्तिकरण कार्यक्रम अन्त्रतगत चेतना मुलक कार्यक्रम कोभिड-१९ ले महिलामा पारेको प्रभावका सम्बन्धमा अनलाईन कार्यक्रम समेत गरिएको थियो । त्यसैगरी दीदीबहीनीहरुको समस्या तथा परामर्शका लागि हेल्प डेस्क मार्फत २४ घण्टा हटलाइन सेवाको कार्य भैरहेको छ । साथै, स्थगित भएको राष्ट्रिय महीला सम्मेलन सहित अन्य कार्यक्रमहरु ल्याइने यस सम्मानित सभामा जानकारी गराउदछु ।

### ४. कोभिड-१९ भाइरसका कारण उत्पन्न जटिल परिस्थिति संग अन्तरसम्बन्धित कार्यक्रम

अहिले कोभिड-१९ भाइरसको महामारीले विश्वनै आक्रान्त बनेको अवस्था छ । यसवाट विश्वले ठूलो जन र धनको क्षति व्यवहोर्नु परिरहेको छ । विश्वनैं प्रभावित बनेको यो विषम परिस्थितिमा गैर आवासीय नेपालीहरु समेत यसका कारण समस्यामा परेको अवस्था छ । नेपाल लगायत विश्वका विभिन्न देशमा रहनुभएका केही नेपालीको कोभिड-१९ भाइरसको संक्रमणका कारण ज्यान समेत गएको दुखद घटना समेत घटेको र यसको प्रत्यक्ष संक्रमणवाट समेत धेरैं नेपाली प्रभावित बन्न पुगेको अवस्था छ । कोरोनाका कारण अमेरिकामा रहेको हाम्रो नेपाली समुदायले समेत आफ्ना सदस्यहरु गुमाउनुपर्‍यो, ज्यान गुमाउनुभएकाहरु प्रति हार्दिक श्रदाञ्जली व्यक्त गर्दै परिवार जनमा गहिरो समवेदना प्रकट गर्दछौं ।

कोभिड-१९ को संक्रमण बढेसंगैं एनआरएनए आइसिसीले आफ्नो ध्यान गैर आवासीय नेपालीको स्वास्थ्य सुरक्षा र उनीहरुलाई तत्काल आवश्यक पर्ने सेवा उपलब्ध गराउने तर्फ केन्द्रीत गरेको थियो । एनआरएनए अमेरिकाले समेत अमेरिकामा रहनुभएका गैर आवासीय नेपाली र नेपाली सबैंको स्वास्थ्य सुरक्षा र सहयोगका निम्ति सुरुवाती दिनदेखि नैं सक्रियता देखाइरहेको यहाहरु सबैमा जानकारी रहेकै छ । संघले प्रत्यक्ष रुपमा आवश्यकताको मुल्याकंन गरी आर्थिक तथा खाद्यान्न सहयोग अनि आवास व्यवस्थापन सम्मको कार्य गरिरहेको बारे यहाँहरु जानकार नै हुनुहुन्छ । एनआरएनए अमेरिकाको आग्रहलाई स्वीकार गरी स्वयंसेवी रुपमा धेरैं व्यत्तित्वहरुले सहयोगको हात अघि बढाइरहनुभएको छ । प्रत्यक्ष रुपमा नेपाली समुदायका घर- घरमा पुगेर अत्यावश्यक सामाग्री उपलब्ध गराउने देखि लिएर आवश्यक सम्पर्क स्थापित गराइदिने कार्यमा संघका विभिन्न तह तप्कामा रहनुभएका एनआरएनए अभियन्ताहरु लागेको सबैमा जानकारी रहेकै छ । यस बाहेक पनि संघले स्वास्थ्यसँग सम्बन्धित विभिन्न सचेतनामुखी कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । कोभिड-१९ को असरवाट नेपाली समुदायमा क्षति कम गराउनका लागि संघले कोभिड-१९ के हो र कसरी बच्न सकिन्छ भन्ने सन्दर्भमा चिकित्सा क्षेत्रमा कार्यरत एनआरएनहरुलाई विशेषज्ञको रुपमा ल्याएर अनलाइन कार्यक्रमहरु संचालन गर्ने कार्य कोभिड-१९ को संक्रमण अमेरिकामा देखिएको सुरुवाती दिनको समयदेखिनैं गरेको थियो, जसले गर्दा नेपाली समुदाय बढी प्रभावित हुनवाट यसले जोगाएको हाम्रो विश्वास रहेको छ ।

साथैं संघले उच्चस्तरीय समन्वय समिति, मेडिकल रेस्पोन्स टिम, स्टुडेन्ट रेस्पोन्स टिम, हटलाइन सेवा, क्षेत्रीय कोभिड-१९ रेस्पोन्ट टिम, स्थानीय स्तरमा च्याप्टर स्तरीय समिति बनाएर निरन्तर सेवाको क्षेत्रमा कार्यहरु गरिनै रहेको छ । कोभिड-१९का कारण प्रत्यक्ष वा अप्रत्यक्ष ढंगवाट विविध क्षेत्रमा परेको असर, अमेरिकी सरकारको सहुलियतका योजना, वर्तमान जटिल अवस्थामा कसरी स्वस्थ रहने आदि विषयहरुमा केन्द्रीत रहेर दर्जनौं कार्यक्रमहरु सम्पन्न गरेको सम्मानित यस साधारणसभामा राख्न चाहन्छु । यसबाहेक संघले कोभिड-१९ केन्द्रीत विशेष सहयोग कोषको निर्माण गरी गो फन्ड मि मार्फत आर्थिक संकलनको काम गरेको छ । सँग सँगैं दु:खको घडीमा एनआरएनए अमेरिकाले संघको आपतकालिन कोषको रकम समेत समस्यामा परेका नेपालीको सहयोगमा खर्च गर्ने निर्णय गरेको छ । आम अमेरिकाबासी एनआरएनहरुले समेत एनआरएनए अमेरिकाले खेलेको भूमिकालाई आत्मसात गर्नुभएको छ भन्ने हाम्रो विश्वास छ ।

साथैं कोभिड-१९ कारण तुलनात्मक रुपका बढी प्रभावित देखिएको अमेरिकामा रहेको नेपाली विद्याथी (F1 Status) हरुलाई सहयोगका लागि संघले निरन्तर पहलकदमी लिइरहेको यस सभामा राख्न चाहन्छु । प्रत्यक्ष सहयोग गर्ने देखि लिएर नेपाली विद्यार्थीलाई परेको र पर्न सक्ने समस्यालाई मध्यनजर गर्दै डिपार्टमेन्ट अफ होमल्याण्ड सेक्युरिटी तथा विभिन्न विश्व विद्यालय एवं कलेजको व्यवस्थापन समितिलाई विद्यार्थीहरुले झेल्नुपर्ने समस्यालाई समाधान गर्नका लागि सहयोग गर्नका लागि अनुरोध सहीत संघले पत्राचार समेत गरेको थियो । यसबाहेक संघले बन्दाबन्दीका कारण अमेरिकामा रोकिनुभएका र नेपाल जान चाहनुभएकाहरुलाई नेपाल फर्काउनका लागि संघले नेपाल सरकार, गैर आवासीय नेपाली संघ, आइसिसी, अमेरिकास्थित नेपाली दुतावा संग सहकार्य गरी उहाँहरुलाई नेपाल पठाउन सकिएको यस साधारणसभामा राख्न चाहन्छौं ।

यसरी संघले निरन्तर कोभिड-१९का कारण उत्पन्न जटिल परिस्थतिमा नेपाली समुदायलाई कसरी र कुन रुपमा सेवा दिन सकिन्छ भनेर निरन्तर कार्य गरिरहेको छ । यो विषम परिस्थितिमा सहयोगको यो पुण्य अभियानमा साथ, सहयोग र समर्थन गर्नुहुने सबैमा हार्दिक आभार व्यक्त गर्दछौं । तपाईहरुको सहयोग आगामी दिनमा पनि यसरी रहीरहनेछ भन्ने विश्वास समेत लिएका छौं । संघको वर्तमान कार्यसमिति यो विषम् परिस्थितिमा नेपाली समुदायको सेवामा सदैव तत्पर रहेको पनि यहाहरुमा प्रतिवद्वता व्यक्त गर्दछौं ।

**५. एनआरएनए परिचय पत्र**

हामी गैर आवासीय नेपालीले गैर आवासीय नेपाली परिचय पत्र प्राप्त गर्नु निकै महत्वको विषय हो । यसलाई मनन गर्दै संघको अन्तराष्ट्रिय परिषद्ले केही वर्ष देखि परिचय पत्र उपलब्ध गराउदै आएको यहाहरुमा अवगत नै छ । अझ यसलाई थप सहज , सरल र सबैको पहुाचमा पुऱ्याउन वर्तमान समयमा डिजिटल कार्डको प्रबन्ध गर्न आइसिसीले सुरु गरेको छ । गैर आवासीय नेपाली संघ अमेरिका र अन्तराष्ट्रिय समन्वय परिषद्को विचमा भएको विभिन्न चरणको छलफल पश्चात आइसिसीले अमेरिकालाई उच्च प्राथमिकतामा राखी ग्लोवल डिजिटल कार्ड वितरण गरेकोमा एनसिसी युएसए आइसिसी परिवारमा धन्यवाद सहीत आभारव्यक्त गर्दछ । साथै यो अभियानमा सक्रिय रुपले लाग्नुहुने स्मार्ट एनआरएनए कमिटिलाई विशेष धन्यवाद दिन चाहन्छौं । एनआरएनए एनसिसी युएसएले आम सदस्यहरुको मागलाई मध्यनजर गर्दै राष्ट्रिय स्तरमा रियलटाइम डिजिटल आइडी कार्डको व्यवस्था गर्ने तयारी गरिरहेको र त्यो कार्य अन्तिम चरणमा पुगेको पनि यहाहरुमा जानकारी गराउन चाहन्छौ ।

**६. एनआरएनए युएसएको कार्यालय भवन**

गैर आवासीय नेपाली संघ अमेरिका संस्थागत रुपमा दिनानुदिन बढिरहेको छ । कार्यका क्षेत्रहरु समेत फराकिलो बन्दै गएको अवस्थामा संघको आफ्नै भवनको आवश्यकता महशुस भएको छ । एनआरएनए युएसए अफिस विल्डिङ इनिसियटिभ प्रोजेक्ट को सुरुवात गरी काम भैरहेको यस साधारण सभामा जानकारी गराउन चाहन्छौं । यस प्रोजेक्टका लागि आर्थिक संकलन नै सबैभन्दा मुख्य पक्ष भएकाले त्यसका लागि काम भैरहेको छ । यसैलाई मध्यनजर गर्दै उत्तर पूर्वी क्षेत्रीय समितिको एक कार्यक्रमको आयोजना समेत गरेको थियो । जसमा एनआरएनए अभियन्ताहरुवाट १ लाख २० हजार रकम सहयोग गर्ने वचन समेत दिइसक्नुभएको अवस्था रहेको र यसका लागि आवश्यक अन्य कार्य समेत अघि बढाइने यहााहरुमा जानकारी गराउन चाहन्छु ।

**७. नेपाली भाषा शिक्षा**

भाषा आम गैर आवासीय नेपालीका लागि महत्वपूर्ण कुरा हो । भाषाले नेपालसाग गैर आवासीय नेपालीलाई जोड्न महत्वपूर्ण भूमिका खेलेको हुन्छ । अझ नेपाल वाहिर जन्मिएर यही हुर्किरहेको र सानो उमेरमा नै आफ्नो अभिभावकसाग नेपाल वाहिर आइ बसेको पुस्तालाई नेपाल संग जोडिराख्नका लागि भाषा र संस्कारको महत्व अहं रहेको हुन्छ । यस पक्षलाई ख्याल गरी संघले केही वर्ष यतादेखि नेपाली भाषाको प्रबर्द्धन र नया पुस्तालाई त्यसबारे ज्ञान दिनका लागि विशेष महत्व दिएको छ । संघले विगतमा प्रकाशित गरेको नेपाली पाठशाला पुस्तकलाई आवश्यकता अनुसारको परिमार्जन गर्दै नैतिक ज्ञान शिक्षालाई पनि प्राथमिकता दिइएको छ । संघले प्रकाशन गरेको नैतिक ज्ञान दर्शनको पाठ्यक्रमले यंहा हुर्किरहेको हाम्रो नयाँ पुस्तालाई सही मार्गदर्शन गर्न सघाएको हाम्रो बुझाइ रहेको छ । आगामी दिनमा पनि संघले यस कार्यलाई अघि बढाउनेछ र नेपाली समुदायका विभिन्न संघ संस्थाहरुले चलाउने नेपाली भाषा कक्षाहरुमा संघ सदैव सहयोगी संस्थाको रुपमा रहेर काम गर्नेछ ।

**८.नागरिक तथा अध्यागमन**

हामी गैर आवासीय नेपालीहरुका धेरै खालका समस्याहरु रहेका छन् । गैर आवासीय भएपछि नेपाल संग जोडिएर आउने खालको समस्या एक थरी छ भने आप्रवासी हामीहरुका अर्को खालको समस्या पनि छ । गैर आवासीय नेपालीलाई सरल ढंगवाट नेपालको नागरिकता प्राप्त गर्ने दिशामा महत्वपूर्ण उपलब्धी हासिल भएको अवस्था छ ।

संघले अमेरिका स्थित नेपाली दुतावाससँगको सहकार्यमा अमेरिकामा विभिन्न राज्यका शहरहरुमा घुम्ती सेवा कार्यक्रम समेत सम्पन्न गरेको छ । यसले सेवाग्राहीलाई सेवा लिन सहज भएको छ भने नेपाल संग जोडिएर आउने कागजपत्र संग सम्बन्धित समस्याले गर्दा अप्ठ्यारोमा पर्नुभएका गैर आवासीय नेपालीले आफ्नै नजिकको ठाउँवाट सेवा लिन पाउनुभएको थियो । यसलाई आगामी दिनमा अझ वृहत ढंगवाट कार्य गरिनेछ । साथै, आप्रवासी कानुनसँग सम्बन्धित विभिन्न कार्यक्रमहरु संचालन गरिनुका साथै कानुनी परामर्शको कार्य समेत दिने गरिएको छ । यसलाइ पनि अझ प्रभावकारी बनाउदैं लगिनेछ ।

**९. अतिरिक्त शिक्षा तथा सिप विकास अभिमुखीकरण कार्यक्रम**

अमेरिकामा बसोवास गर्दै आउनुभएका कुल नेपालीको संख्याको झण्डै ४० प्रतिशत गैर आवासीय नेपाली आयआर्जनको हिसावले न्यून आय गर्नेहरु रहेको अनुमान गरिन्छ । यस पक्षलाई ख्याल गरी अमेरिकामा रहने नेपालीलाई विभिन्न खालको सिप तथा अतिरिक्त शिक्षा प्रदान गर्ने खालका कार्यक्रम संघले अघि बढाएको छ ।

साथै विभिन्न राज्य तथा स्थानीय सरकारी निकायहरुमा समेत विभिन्न खालका सिप विकास तालिम तथा विभिन्न सहुलियतका कार्यक्रमहरु रहेका हुन्छन् त्यसवाट नेपालीलाई लाभान्वित गराउनका लागि संघले जानकारी मुलक कार्यक्रमलाई अगाडि ल्याएको छ । पछिल्लो समय कोभिड-१९ का कारण उत्पन्न जटिल परिस्थितिमा अमेरिकी सरकार, यसका अंगहरु तथा गैर सरकारी निकायहरुवाट प्राप्त हुने सहुलियतका कार्यक्रमहरु बारे जानकारी गराउन समेत संघले विभिन्न जनचेतनामुखी कार्यक्रमहरु संचालन गर्दै आएको छ । आगामी दिनमा समेत गैर आवासीय नेपालीहरुको जिवनस्तर माथि उठाउनका लागि उपयोगी हुने तालिम तथा जानकारी मुलक कार्यक्रमहरुलाई अगाडि बढाइनेछ । यस्ता कार्यक्रमहरुले गैर आवासीय नेपालीको आर्थिक जिवनस्तर वृद्दि गराउन सहयोग पुग्नेमा हाम्रो विश्वास रहेको छ ।

**१०. इन्फरमेशन हेल्प डेस्क संचालन**

अमेरिकामा रहनुहुने गैर आवासीय नेपालीको सहयोगका लागि संघले सूचना, जानकारी र सहयोगको हेतु हेल्प डेस्क संचालन गर्दै आएको छ । यो हेल्प डेस्क गैर आवासीय नेपालीलाई परेका समस्यालाई समाधानका लागि निकै उपयोगी सिद्द भैरहेको छ । कानुन सम्बन्धी, रोजगार सम्बन्धी, घरेलु हिंसा सम्बन्धी, स्वास्थ्य सम्बन्धि, विमा सम्बन्धि, ट्याक्स सम्बन्धी, व्यवसाय सम्बन्धी, शिक्षा तथा अवसर सम्बन्धी यी यस्ता विभिन्न विषयहरुसँग सम्बन्धित समस्याहरु हेल्प डेस्क आउने गरेको र अमेरिकी कानुनको अधिनमा रही विषयगत विज्ञ तथा त्यही क्षेत्रमा कार्यरत हरुको सहयोगमा परामर्श गर्ने कार्य संघको हेल्प डेस्कवाट भैरहेको यस सम्मानित सभामा जानकारी गराउदछु ।

अझ पछिल्लो समय वर्तमान कोभिड-१९ भाइरसका कारण उत्पन्न जटिल परिस्थितिमा यस हेल्प डेस्क वाट निकैं महत्वपूर्ण सहयोगको कार्य भएको छ । यस हेल्प डेस्कलाई अझ प्रभावकारी ढंगवाट संचालन गर्न मेडिकल रेस्पोन्स टिम, वोमेन रेस्पोन्स टिम, स्टुडेन्स रेस्पोन्स टिम जस्ता टिमहरु बनाएर काम गरिएको थियो र आगामी दिनमा समेत यसलाई अझ प्रभावकारी बनाएर लगिनेछ ।

**११. युवा तथा विद्यार्थीको एनआरएनए मा सहभागिता र सक्रियता**

एनआरएनएको भविष्य जोडिएको युवा तथा विद्यार्थीलाई एनआरएनए अभियानमा समावेश गराउन एनआरएनए युएसएले विशेष जोड दिदैं आएको छ । संघमा युवाको प्रतिनिधित्व वढाउन र एनआरएन मुभमेण्टमा सहभागिता वृद्दि गर्नका लागि युवा सहभागिता समिति र स्टुडेण्ट टास्क फोर्स समिति गठन गरी एनआरएनए युएसएले युवा तथा विद्यार्थी जोड्ने कामको सुरुवात गरी ती समिति मार्फत विभिन्न कार्यक्रमहरु गर्दै आएको सम्मानित सदस्यहरुमा जानकारी गराउन चाहन्छौं ।

साथैं युवा तथा विद्यार्थीहरुको भावना कस्तो छ, उनीहरुको एनआरएनएवाट अपेक्षा के छ भन्ने सम्बन्धमा नजिकवाट नियालेर युवा तथा विद्यार्थीहरुलाई एनआरएन मुभमेण्टमा समेट्न सहयोगी बन्ने गरी फेबु्रअरी २३, २०२० मा टेक्ससको डलास शहरमा राष्ट्रिय युवा तथा विद्यार्थी सम्मेलन समेत सम्पन्न गरिएको थियो । त्यस सम्मेलन पश्चात तुलनात्मक रुपमा युवा तथा विद्यार्थी एनआरएनए अमेरिकामा सहभागिता र सक्रियता समेत बढेको यहाहरुमा जानकारी गराउन चाहन्छौं ।

सँग सँगैं अमेरिकाका विभिन्न विश्वविद्यालय तथा कलेजहरुमा अध्ययनरत् विद्यार्थीहरुले भोग्नु परेका समस्या, उनीहरुको अपेक्षा र एनआरएनए युएसएले उनीहरुका निम्ति के गर्न सक्छ र अभिभावकीय भूमिका कसरी खेल्न सक्छ भन्ने कुरा नजिकवाट बुझ्नका लागि हरेक विश्वविद्यालयहरुमा विद्यार्थी दुत (स्टुडेण्ट एम्ब्यासडर) नियुक्ती गर्ने कार्यको सुरुवात गरिएको छ । जसले विद्यार्थीहरुमा एनआरएनए युएसएप्रतिको सम्बन्ध बढाएको हामीले महशुस गरेका छौं । सँग सागै यो बिचमा स्टुडेन्ट संजाल निर्माण गर्ने देखि लिएर प्रविधिमैत्री संजाल निर्माण गर्ने हेतु स्टुडेन्ड एप समेत संचालनमा ल्याइएको छ । यसको उपयोगीता निकै देखिएको छ । र एनआरएनए युएसएको पहलमा विद्यार्थीहरुलाई सिधै अमेरिका स्थित नेपाली दुतावासमा गुनासो, सहयोग वा जानकारी राख्न र लिन सजिलो होस् भनी दुतावासवाट विद्यार्थीका निम्ति छुट्टै इमेल पत्राचार ठेगानाको व्यवस्था मिलाइएको छ । यसका निम्ति अमेरिका स्थित नेपाली दुतावास परिवारप्रति हार्दिक धन्यवाद समेत व्यक्त गर्दछौं । यी यस्ता कार्यक्रमका साथैं संघको युवा सहभागिता समिति, स्टुडेण्ट टास्कफोर्स मार्फत सहयोगका कार्यक्रमहरु समेत भएका छन् । साथैं संघमार्फत प्रदान गरिदैं आइएको छात्रवृत्तिको कार्यक्रमलाई निरन्तर राख्दैं थप व्यवस्थित र दिगो राख्नका लागि युवा विद्यार्थीको कोषको सुरुवात गरिएको छ । जसका लागि आर्थिक संकलनको काम समेत भैरहेको छ ।

**१२.एनआरएन अभियान तथा एनआरएनए युएसएमा विज्ञहरुको सहभागिता**

विगतका दिनमा विज्ञ तथा व्यवसायीहरुलाई एनआरएनएमा आकर्षित गराउन नसकिरहेको अवस्थामा केही वर्ष यता उहाँहरुको सहभागिता राम्रो देखिन्छ । २ वर्ष अगाडि सम्पन्न भएको क्षेत्रीय विज्ञ भेलावाट सुरु गरिएको यस अभियानलाई वर्तमान कार्यसमितिले निरन्तरता दिएको छ । यसै अन्त्रतगत जुलाई ४ मा राष्ट्रिय ज्ञान सम्मेलनको पनि आयोजना गरिएको यहाहरुमा जानकारी नै छ । अमेरिकामा विज्ञ तथा व्यवसायीहरुको संख्या उल्लेखनीय रहेको छ । त्यसै कारण राष्ट्रिय ज्ञान सम्मेलन मात्र नभएर क्षेत्रीय ज्ञान सम्मेलनको आयोजना गर्ने उद्देश्य लिएका छौं । विज्ञहरुलाई जोड्नका लागि एक्सपर्ट डाटा बेस र एक्सपर्ट नेटवर्किङ एप निमार्ण कार्य छिट्टै नै पुरा गरी संचालनमा ल्याउने तयारी गरिएको सम्मानित सदस्यहरुमा जानकारी गराउन चाहन्छु ।

**१३. बुलेटिन प्रकाशन तथा सामाजिक संजालमार्फत सूचना सम्प्रेषणमा प्रभावकारिता**

संघका गतिविधिहरुलाई समेटेर संघको आधिकारिक बुलेटिन प्रकाशनमा ल्याइएको छ । साथैं संघका गतिविधि र सूचनाामा सबैको पहुच सहज होस् भनी संघले आफ्नो गतिविधिहरु सामाजिक संजालमार्फत पनि निरन्तर सम्प्रेषण गर्दै आएको छ । अमेरिका तथा अमेरिका बाहिरबाट संचालित संचार माध्यम तथा आम संचारकर्मीहरुहरु सँगको सहकार्यलाई बढाउादैं संघको गतिविधिलाई बढी भन्दा बढी समुदायका सदस्यहरुमा पुऱ्याउने कार्यलाई जोड दिइएको छ ।

**१४. अमेरिकी जनगणना केन्द्रीत कार्यक्रम**

अमेरिकामा चलिरहेको जनगणना वर्षमा बढी भन्दा बढी गैर आवासीय नेपाली गणित हुनका लागि अभिप्रेरित गर्नका लागि संघले जनगणना विशेष अभियाननै संचालन गरेको थियो । संघले समितिनैं निर्माण गरी अमेरिकाका विभिन्न राज्य तथा शहरहरुमा अन्तरक्रियात्मक तथा जानकारी मुलक कार्यक्रमहरु संचालन गर्दै आएको छ । जसका कारण जनगणनामा नेपालीको संख्या गणित हुने दर बढाउन मद्दत पुगेको हाम्रो विश्वास रहेको छ । साथैं जनगणनामा समावेश हुन पनि हामी सबै नेपालीमा हार्दिक अनुरोध गर्दछौं ।

### १५. नेपाल भ्रमण वर्ष २०२० लक्षित कार्यक्रम

नेपालको अर्थतन्त्रमा महत्वपूर्ण आधारको रुपमा पर्यटन क्षेत्र रहेको छ । नेपालको आर्थिक विकासको सहयोगी पर्यटन क्षेत्रलाई लक्षित गरी नेपाल सरकारले भ्रमण वर्ष २०२० को घोषणा गरेको थियो । भ्रमण वर्ष मार्फत नेपाललाई विश्व माझ पर्यटन गन्तव्य देशको रुपमा परिचित गराउने सरकारको तयारी थियो । त्यही अनुरुप भ्रमण वर्ष लक्षित कार्यक्रमहरु समेत भएको थियो । नेपाल सरकारले भ्रमण वर्षलाई सफल पार्न गैर आवासीय नेपाली संघसँग समेत सहकार्य गरेको थियो । एनआरएनएले समेत अन्तराष्ट्रिय र राष्ट्रिय समितिहरु मार्फत भ्रमण वर्षलाई सफल वनाउनका लागि सहयोगी कार्यक्रम गर्दै आएका थिए । यसै क्रममा गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् अमेरिकाले समेत नेपाल भ्रमण वर्षलाई लिएर प्रचार प्रसार लगायत विभिन्न कार्यक्रमहरु गरेको थियो । कार्यक्रमहरू च्याप्टरहरु तथा ट्रेड एन्ड टुरिजम कमिटि बाट सम्पन्न गरिएको थियो । तर विडम्वना कोभिड १९ को विश्व महामारीका कारण भ्रमण वर्ष रोक्नुपर्ने बाध्यतासँगै नेपाल सरकारले भ्रमण वर्षलाई स्थगन गर्ने निर्णय गरेको थियो । र यो सँगैं संघले तय गरेका भ्रमण वर्ष लक्षित कार्यक्रमहरु समेत स्थगन गरिएको थियो । तथापि संघ नेपालको आर्थिक विकाससँग जोडिएर आउने कार्यक्रम गर्न र संकटको घडीमा नेपाललाई सहयोग गर्न सधैं तत्पर नै रहेको छ ।

### १६.दोहोरो नागरिकता तथा गैर आवासीय नेपाली नागरिकताका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम

नेपालमा गैर आवासीय नेपालीलाई नागरिकता दिने सम्बन्धमा कानुन निर्माणको प्रक्रियामा अघि बढिरहादा गैर आवासीय नेपाली नागरिकता संग सम्बन्धित रहेर संघले विभिन्न अन्तरक्रियात्मक कार्यक्रमको आयोजना गर्यो । दोहोरो नागरिकताको सुनिश्चितता र गैर आवासीय नेपाली नागरिकताको प्राप्ती पछि प्राप्त हुने अधिकारका सन्दर्भमा न्यूयोर्क र टेक्ससमा राज्य च्याप्टरहरुको संयोजनमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । यसवाट गैर आवासीय नेपाली नागरिकता संग सम्बन्धित विषयबारे जानकारी हासिल गर्न सघाउ विश्वास गरिन्छ ।

साथैं अहिले प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुसाशन समितिवाट नेपालको नागरिकता ऐन, २०६३ लाई संसोधन गर्न बनेको विधेयक पारित भएको छ । जसले आर्थिक,सामाजिक र सांस्कृतिक अधिकार उपभोग सहीत गैर आवासीय नेपालीलाई नागरिकता प्राप्तीको बाटो खोलि दिएको छ । अव प्रतिनिधि सभा र राष्ट्रिय सभाको वैठकमा विधेयक पेश भई पारित भए पश्चात यो लागू हुनेछ । यो विधेयकले गैर आवासीय नेपालीको अभियानलाई सम्बोधन गरेको छ । गैर आवासीय नेपाली नागरिकतालाई पूर्णता दिनका लागि एनआरएनए एनसिसी युएसएले आइसिसिलाई रचनात्मक सहयोग गर्दै आएको र आगामी दिनमा पनि गर्ने नै छ ।

### १७.नेपालमा बर्थ सेन्टर कार्ययोजना

एनआरएनए आइसिसीले सुरु गरेको वन एनसिसी वन च्यारिटी अन्र्तगत एनआरएनए अमेरिकाले नेपालमा विशेष गरी नवजात शिशु र गर्भवती महिलाको स्वास्थ्य सुरक्षाका लागि विशेष जोड दिदैं सुरक्षित डेलिभरी सेवाका लागि बर्थ सेन्टर निर्माणमा जोड दिएको छ । संघले कुमार्ख गाउपालिकामा बर्थ सेन्टर निर्माणको कार्य अघि बढाएको छ, जसको संरचना निर्वाण कार्य शुरू भईसकेको जानकारी गराउन चाहन्छु । संघले यस योजनाका लागि जग्गा तथा जनशक्ति उपलब्ध गराउने, उपकरण र औषधीको व्यवस्था गर्ने काम गर्नुका सथै नियमित रुपमा यसको सेवा प्रवाहको अनुगमन समेत गर्नेछ ।

### १८. विश्व स्वास्थ्य सम्मेलन सम्पन्न

गैर आवासीय नेपाली संघ अन्तराष्ट्रिय समन्वय परिषदको आयोजना र गैर आवासीय नेपाली संघको अमीरिकाको पार्टनरसिपमा आयोजित विश्व स्वास्थ्य सम्मेलन सेप्टेम्बर २०१९ म सम्पन्न भयो । गैर आवासीय नेपाली संघ अमेरिकाको ब्यवस्थापन मा सम्पन्न उक्त कार्यक्रम पुर्ण रूपमा सम्पन्न भएको कुरा यंहरू समक्ष जानकारी गराउन चाहन्छु । यस बर्ष पनि सम्पन्न हुने कार्यक्रममा गैर आवासीय नेपाली संघ अमेरिकाको पुर्ण सहयोग र सहभागिता रहने छ ।

**१९. नेपालमा स्मार्ट सिटि निर्माणमा सहकार्य**

अमेरिकामा रहेर स्मार्ट सिटी तथा यसका विभिन्न पाटोहरुसंग सम्बन्धित भएर काम गरिरहेका विज्ञहरूको ज्ञान र अनुभब स्मार्ट सिटि उन्मुख नेपालका विभिन्न गाउँपालिका तथा नगरपालिकाहरुलाई सहयोग गर्ने उद्देश्यले गैर आवासिय नेपाली संघ अमेरिका अन्तर्गतको साइन्स टेक्नोलोजी तथा इन्नोभेसन समिति अन्तर्गत कामहरु अगाडि बढाएको छ। यसै कार्यक्रम अन्तर्गत स्याङ्जा जिल्लाको वालिङ्ग नगरपालिका तथा गोर्खा जिल्लाको पालुङ्गटार नगरपालिकालाई प्राबिधिक रुपमा सहयोग गर्ने कार्य अघि बढाइएको छ। यसका लागि नगरपालिकाका प्रमुख तथा सल्लाहकार समितिसंग विभिन्न चरणको छलफल र यस समितिद्वारा उक्त नगरपालिका हरुलाई गर्न सकिने सहयोग क्षेत्रहरुको पहिचान गर्ने काम सम्पन्न गरिएको छ। विभिन्न चरण मा गरिने प्राबिधिक सहयोगका साथै नगरपालिका मै कार्यरत कर्मचारीहरुलाई स्मार्ट सिटि सम्बन्धि ज्ञान र अनुभबहरु साटासाट गर्न नियमितरुपले छलफल अघि बढाउने गरि यस समितिले कार्य गरिरहेको छ।

**२०. सिपयुक्त जनशक्ति व्यवस्थापन र सिपमुलक कार्यक्रम संचालन**

गैर आवासीय नेपाली संघ अमेरिकाले अमेरिकामा आउने नेपालीलाई स्वावलम्बी बनाउने अभियान केन्द्रीत कार्यक्रम समेत संचालन गरिरहेको छ । संघको एजुकेशन, स्किल एण्ड इन्ह्यास कमिटिले नेपालमा नै सिप सिकेर अमेरिकामा आउनेहरुलाई यहाँ कसरी त्यही सिप अनुसारको काम पाउन सकिन्छ त्यसबारे ज्ञान दिने खालका कार्यक्रम गर्नुका साथै अमेरिकामैं सिप सिकेर कसरी स्वालम्बी बन्न सकिन्छ भन्ने सन्दर्भमा केन्द्रीत रहेर कार्यक्रम संचालन गरिरहेको छ ।

**सम्मानित सदस्य ज्यूहरु,**

वर्तमान कार्यसमितिले आफ्नो पहिलो वैठकवाट २ वर्षे कार्ययोजना बनाएर कार्यक्रमहरु गर्दै आएको यस साधारणसभामा जानकारी गराउन चाहन्छु । झण्डै एक वर्षको अवधिमा निर्धारित कार्ययोजनाका महत्वपूर्ण कार्यहरु सम्पन्न भैसकेको अवस्था छ, कतिपय योजनाहरु सुरु भएका छन् भने कतिपय सुरुवातको चरणमा रहेका छन् । कतिपय समयको आवश्यकतालाई मध्यनजर गर्दै कार्यक्रमहरु तत्काल तय गरी कार्यन्वयन गरिएको छ । अझ पछिल्लो समय कोभिड-१९को कारण उत्पन्न जटिल परिस्थितिसँगैं संघले आफ्ना सहयोगी कार्यक्रमहरुलाई यस प्रबर्द्धन संग अन्तरसम्बन्धित रहेर गर्दै आएको यहाँहरुमा सबैमा जानकारी गराउन चाहन्छौं । पूर्व निर्धारित कार्ययोजनासागैं तत्काल आवश्यकताको अनुभुति गरिएका कार्यक्रमहरु वर्तमान कार्यसमितिले सम्पन्न गरेको छ । अहिलेसम्म भए गरेका कार्यहरुको मुल्यांकन गर्दै आगामी दिनमा कसरी अघि बढ्ने र के कस्ता कार्यक्रम गर्ने भन्ने सन्दर्भमा सम्मानित साधारणसभाले मार्ग दर्शन गर्ने नै छ भन्नेमा पूर्ण विश्वास व्यक्त गर्दै पूर्व निर्धारित कार्ययोजनामा टेकेर आगामी दिनमा गरिने भावी कार्यहरु साधारण सभामा पेश गर्न चाहन्छु । संस्थाको उद्देश्य र संस्थाले अवलम्वन गरेको नितिलाई अंगिकार गर्दै प्रस्तुत भावी कार्यक्रमहरु यस प्रकार रहेको छ ।

**<u>भावी कार्यक्रमहरु</u>**

- एनआरएनए एनसिसीले युएसएले निर्माण गरेको क्षेत्रगत संरचना अन्तर्गत क्षेत्र स्तरीय क्षेत्रीय विज्ञ सम्मेलन आयोजना गरिने छ ।
- एनआरएनए अमेरिकाको माथि उल्लेखित सदस्य संख्याको लक्ष पुरा गर्न सदस्यता वृद्दिको कार्यलाई द्रुत गतिमा अघि बढाइने छ ।
- महिला सहभागिता, सशक्तिकरण, समस्या र चुनौतीको सन्दर्भमा केन्द्रीत रही राष्ट्रीय महिला सम्मेलनको आयोजना गरिनेछ।
- सिप विकास तथा उपयोगी तालिमका कक्षाहरु अनलाइन तथा भौतिक रुपमा संचालन गरिनेछ ।
- नयाँ पुस्तामा नेतृत्व विकास गराउनका लागि तालिम संचालन गरिनेछ । साथैं प्राविधिक दक्षता वृद्दिका लागि समेत रोबोटिक तालिम, नेपाली स्टुडेन्ट ईन्टर कलेज प्रतियोगिता, ड्रिम बिग, लिटल टेलेन्ट प्रतियोगिता जस्ता कार्यक्रमहरु संचालन गरिनेछ।
- एनआरएनए अमेरिकाको क्षेत्रीय समितिहरुले आयोजना गर्न बााकी रहेका क्षेत्रीय सम्मेलनहरु सम्पन्न गरिनेछ ।
- टास्क फोर्स तथा च्याप्टर समितिहरु मार्फत गरिने कल्याणकारी कार्यहरुलाई तिव्रता दिइनेछ ।

- विभिन्न क्षेत्र, पेशा, शिक्षा सग सम्बन्धित विज्ञहरुको तथ्याकं संकलनको कार्यलाई सम्पन्न गर्नका लागि डाटावेस निर्माण तथा प्रोफेसनल नेटवर्किङको कामलाई तिव्र पारिनेछ । एक्सपर्ट नेटवर्किङ एपको निर्वान कार्यलाई अघि बढाइनेछ ।
- युवा तथा विद्यार्थी केन्द्रीत क्षेत्रीय भेलाको आयोजना गरिनेछ ।
- विभिन्न समिति तथा टास्क फोर्सहरुले सुरु गरेका कार्यहरुलाई सम्पन्न गर्न सहयोग गरिनेछ ।
- अमेरिकामा हुर्किरहेको गैर आवासीय नेपाली युवा तथा बाल बालिकाहरुलाई खेलकुद क्षेत्रमा जोड्नका लागि विभिन्न राज्य स्तरीय खेलकुद प्रतियोगिताको आयोजना गरिनेछ ।
- जेहेन्दार विद्यार्थीहरुलाई वितरण गरिदैं आइएको छात्रवृत्तिको रकम वृद्दि गरिनेछ । साथै कलेज स्तरीय ट्यालेन्ट कम्पिटेशन को आयोजना गरिनेछ भने नेपाली विद्यार्थीहरुको सहयोगको लागि होस्ट फेमिली खोज्ने कार्यलाई जोड दिइनेछ ।
- एनआरएनए युएसएको भवन निर्माणका लागि आर्थिक संकलनको कार्यलाई तिव्रता पारिनेछ ।
- एक एनसिसि एक रोजगार सम्बन्धि कार्ययोजना प्रस्ताब माथि अध्यन गर्नका लागी एक समिति गठन गरिने छ । यसको आबस्यकता र उपयोगिताका आधारमा यस योजनालाई अगाडी बढइने छ ।

**सम्मानित यस सभामा सदस्य ज्यूहरु ,**

वर्तमान कार्यसमितिको ७ जुलाई २०२९ मा बसेको पहिलो वैठकले तर्जुमा गरेको २ वर्षे कार्ययोजना यहाँहरु समक्ष राख्न चाहन्छु ।

**१. नेपालको निमित्त रणनीतिक समिति**

पछिल्लो समय अमेरिकामा नेपालीको संख्यामा निकै बृद्दि भैरहेको छ । संख्याको बढोत्तरीसागै धेरै खालका सीप, ज्ञान, शिक्षा हामीले यो बीचमा प्राप्त गरेका छौ । यी सबै छरिएर रहेका हाम्रा शैक्षिक, सामाजिक, आर्थिक लगायतका क्षेत्रगत सक्षमतालाई एकत्रित गर्दै आन्तरिक रुपमा हाम्रो समुदायलाई अझ दह्रो बनाएर अमेरिकी समाजको एउटा महत्वपूर्ण समुदायको रुपमा हाम्रो समुदायलाई परिचित गराउनु आवश्यक देखिएको छ । अधिकार प्राप्तीको निमित्त समेत हामी संगठित हुनु अत्यन्त जरुरी छ । यसको निमित्त सवैसँग समन्वय गर्दै अमेरिकामा रहेका हामी सबै नेपालीहरुको साझा संस्था एन.आर.एन. अमेरिकाले नेतृत्वदायी भूमिका खेल्नुपर्ने देखिन्छ । सबैं नेपालीको साझा आवाजलाई प्रतिबिम्वित गर्दै एन.आर.एन. अमेरिकाले नेपालसाग महत्वपूर्ण साझेदारी गर्दै, अमेरिकामा आफ्नो प्रभावकारितालाई पुष्टी गर्नु पर्नेछ । यसका लागि हामीले आगामी दिनमा राष्ट्रिय राजनीतिमा दखल रहेका बिषेशज्ञहरुको कुटनीतिक संबाद समिति गठन गरी प्रक्रिया अगाडी बढाइने छ ।

**२.नेपालमा एन.आर. एन कानून निर्माणमा लबिङ गर्ने**

नेपालको संविधानले गैर आवासीय नेपालीलाई संबोधन गरेर नागरिकता प्राप्तीको बाटो खोलिदिएको छ । तर कतिपय कानुनी बाधा व्यवधान पनि विद्यमान रहेको छ । यसलाई सम्बोधन गर्दै सहज ढंगवाट गैर आवासीय नेपालीले नागरिकता प्राप्त गर्नका लागि कानुन निर्माणको काम भैरहेको छ । यस प्रक्रियामा सहजीकरण गर्न र नेपाल सरकारलाई सघाउन गैर आवासीय नेपाली संघको तर्फवाट कानूनी ज्ञान भएका दक्षहरुको कमिटिले कार्य गरिरहेको छ । त्यस कमिटिले गरिरहेको कार्यमा एनआरएनए अमेरिकाको तर्फवाट पनि सहयोग भइरहने छ ।

भबिष्यमा सो कमिटीले आइसीसी मार्फत नेपाल सरकारलाई सुझाव तथा लबिङ गर्ने कार्यलाई निरन्तरता दिनेछ । यस प्रक्रियामा अहिले हामीले नियमित र सुक्ष्म ढंगवाट निगरानी गर्न जरुरी छ र एन.आर.एन.हरुको अधिकारको निमित्त गर्नुपर्ने कानून निर्माणको कार्यलाई छिटो भन्दा छिटो सक्न र बढी भन्दा बढी एनआरएनहरुको अधिकार सुनिश्चितताको कार्यलाई प्रभावकारी रुपमा अघि बढाउन वर्तमान नेतृत्वले अहं भुमिका निर्माण गर्नेछ ।

